भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ०५ संख्याः ०९ मितिः २०७९/०९/१७ गते

भाग–२
भेरीगंगा नगरपालिका

## आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७९

**प्रस्तावनाः**

लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरीबीको रेखामुनी रहेका,दीर्घ रोगी, हिंसा पीडित तथा बेचबिखनमा परेका महिला, बालबालिका, अतिअशक्त, अपांग, पुर्णअशक्त र बेवास्तामा परेका ज्येष्ठ नागरीकतथा प्राकृतिक प्रकोपमा परि पिडित भएका, बाढी तथा पहिरो, आगलागी, हावाहुरी तथा भुकम्प आदीबाट क्षती भएका पिडितहरुलाई आर्थिक सहायता दिनका लागि आर्थिक सहायता सम्बन्धि कानुन बनाउन बाञ्छनिय भएकोले भेरीगंगा नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७९” रहेको छ ।

(२) यो कार्यबिधि नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरीबीको रेखामुनि रहेको भनि प्रमाणित भएका, बिपन्न, मुटु, मृगौला, फोक्सो, कलेजो, मस्तिष्क, मेरुदण्ड जस्ता शरीरका महत्वपुर्ण अंगहरुका रोगी एवम् क्यान्सर पीडित व्यक्तिहरु, घरेलुहिंसा, यौनहिंसाबाट आक्रान्त र पीडित एवं बेचबिखनमा परेका महिलाहरु, जोखिमपुर्ण श्रममा संलग्न रहेका, हराएका वा बेवारीसे अवस्थामा फेला परेकावा जवरजस्ती श्रमबाट पीडित भएका, शारीरिक तथा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेका, प्राकृतिक प्रकोपमा परेका, बाबु वा आमा कारागार वा हिरासतमा रहेकावा कुनै कसुरसंग सम्बन्धित रहेको कारणले बेवारिसे रहेका, यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेका, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएका, सुस्तमनस्थिति भएका, अपहरणमा परेका वा शरीर बन्धकमा परेका, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित व्यक्तिहरु, बेसाहारा बृद्धबृद्धा सम्झनुपर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले भेरीगंगा नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले भेरीगंगा नगरपालिकालाई सम्झनुपर्छ ।

(घ) "नगर प्रमुख" भन्नाले भेरीगंगा नगरपालिकाका नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "न्यायिक समिति" भन्नाले भेरीगंगा नगरपालिका अन्तर्गतको न्यायिक समितिलाई सम्झनुपर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भेरीगंगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

## परिच्छेद-२
## आर्थिक सहायता सम्बन्धि मापदण्ड

३. **दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता** : (१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क), क्यान्सर पीडित तथा अन्य व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन् ।







**स्पष्टिकरण:** "आवश्यक कागजात" भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, नागरिकताको प्रतिलिपी, अस्पतालको रिपोर्ट लगायतका कागजात बुझ्नुपर्दछ ।

४. **हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायता** : (१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनका लागि आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पिडितलाई न्याय दिलाउन एवं पुनर्स्थापनाका लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

५. **आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायता** :

(१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएका, हराएका वा बेवारिसे अवस्थामा फेला परेका वा जवरजस्ती श्रमबाट पीडित भएका, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेका, प्राकृतिक प्रकोपमा परेका, बाबु वा आमा कारागार वा हिरासतमा रहेका वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेका, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेका, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएका, सुस्तमनस्थिति भएका, अपहरण वा शरिर बन्धकमा परेका, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित व्यक्तिहरु भएमा तत्काल उद्धार गरी पालनपोषणका लागि आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणका लागि बालउद्धार गृहको स्थापना गरी सञ्चालन गर्न सकिनेछ। बालउद्धार गृह स्थापना नहुञ्जेलसम्मका लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषणको व्यवस्था गर्न सकिनेछ ।

६. **आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुको सहायता** :

(१) आर्थिक रुपले विपन्न, तीन महिनासम्म पनि खान नपुग्ने परिवारका गर्भवती महिला एवंसुत्केरीलाई आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सहायता पाउन गर्भवती महिला वा सुत्केरी आमाले आफैं वा पति वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन् ।

**७. बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता**: ६८ वर्ष उमेर पुगेका परिवारका सदस्यलाई बेवास्ता गरेका, विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताका लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा आर्थिक सहायता दिई पुनर्स्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

**८. अतिअशक्त, अपांग र पूर्णअशक्त अपांगलाई सहायता** :

(१) आर्थिक रुपले विपन्न अतिअशक्त, अपांग र पूर्णअशक्त अपांगको पालन पोषणका लागि आर्थिक सहायता दिन सकिनेछ ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, महिला, बालबालिका तथा समाजकल्याण शाखाबाट प्राप्त अतिअशक्त र पूर्णअशक्त अपांगताको परिचयपत्र सहित नगरपालिका कार्यालयमा निवेदन पेश गर्न सकिनेछ ।

**९. आर्थीक सहायता रकम र स्वीकृतीको अधिकार**: (१) दफा ३ को (१) बमोजिम प्राप्त निवेदन माथि नगरप्रमुखले आवश्यक जाँचबुझ गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी रु.पाँच हजार देखि रु.एक लाखसम्म आर्थिक सहायता दिने र अवस्था हेरी निःशुल्क उपचारका लागि सिफारिस समेत गर्न सकिनेछ ।

(२) घटना प्रकृती अनुसार पच्चीस हजार रुपैयासम्मको आर्थिक सहायता नगर प्रमुखको निर्णयबमोजिम र सोभन्दा माथिको सहायता नगर कार्यपालिकाको निर्णयबमोजिम दिईनेछ ।

## परिच्छेद-३
## विविध

**१०. निवेदनको ढाँचा** : दफा ३, ४, ५, ६, ७ र ८ अनुसार सहायता पाउन अनुसूची-१ को ढाँचामा निवेदन दिनुपर्नेछ ।

**११. कार्यबिधि संसोधन** : यस कार्यबिधिको आबश्यकता अनुसार संसोधन नगर कार्यपालिकाको बैठकले गर्नेछ ।





आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७९

**१२. बचाउ र खारेजी** :

(क) यस अघि बितरण गरिएको बिपद् राहात यसै कार्यबिधिबमोजिम भएको मानिनेछ र यसमा उल्लेख नभएको हकमा प्रचलित कानुनअनुसार हुनेछ ।

(ख) यस अघि नगरपालिकामा भएको आर्थीक सहायता प्रदान गर्ने सम्बन्धि सामान्य मापदण्ड २०७७ खारेज गरिएको छ ।

अनुसूची-१

(आर्थीक सहायता सम्बन्धि कार्यबिधि २०७९ को दफा ३ सूग सम्बन्धित)

## निवेदनको ढाँचा

मितिः-

श्री नगर प्रमुख ज्यू,
भेरिगंगा नगरपालिका, छिन्चु, सुर्खेत ।

**विषय :- आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा म/हामी............................ दुर्घटनामा परी/रोगले ग्रसित भई .......................गर्नुपर्ने व्यहोरा अवगत गराउूदछु/छौं । उपचारका लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सोका लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई दिनहुन/निशुःल्क उपचारका लागि सम्बन्धित निकायमा सिफारिस गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

<u>तपसिल</u>

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/.............. को प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. घटना प्रकृती मुचुल्का (आवश्यकता परेमा मात्र)

**निवेदक**

| क.सं. | नाम, थर | ठेगाना | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

आज्ञाले

**कृष्ण प्रसाद पोखेल**

प्रमुख प्रशासकीय अधिकृत